# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रेडक्रस सर्कल, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. २०८३।०८४
च.नं. ६०६

**अत्यन्त जरुरी सूचना !**

**चक्रवात "अर्नव" को सम्भावित प्रभावबाट सुरक्षित रहन उच्च सतर्कता अपनाउने सम्बन्धमा।**

प्रस्तुत विषयमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बङ्गालको खाडीमा विकसित भइरहेको "अर्नव" चक्रवातको प्रभावका कारण आगामी मिति २०८३ कार्तिक १२ गते (बिहीबार) देखि कार्तिक १४ गते (शनिवार) सम्म मेघगर्जन, चट्याङ तथा हावाहुरीसहित मध्यमदेखि भारी तथा धेरै भारी वर्षा हुने सम्भावना रहेको जानकारी प्राप्त भएको छ।

उक्त मौसमी प्रणालीको सम्भावित प्रभावबाट कालिका नगरपालिका क्षेत्रभित्र हुन सक्ने बाढी, डुबान, पहिरो, भूक्षय तथा अन्य विपद्का जोखिम न्यूनीकरण गर्न आवश्यक सतर्कता, सावधानी तथा पूर्वतयारी अपनाउनुहुन नगरपालिकाभित्रका सम्पूर्ण वडाका जनप्रतिनिधि, कर्मचारी, स्थानीय बासिन्दा, कृषक, संघसंस्था तथा सम्बन्धित सबैमा देहायबमोजिम अनुरोध गरिन्छ।

**तपसिल:**

१. नदी तथा खोलानालाको सतह बढ्न सक्ने भएकाले नदी, खोला, खोल्सा र नदी तटीय क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरूले विशेष सतर्कता अपनाउने तथा जोखिमको अवस्था देखिएमा सुरक्षित स्थानमा स्थानान्तरण हुने व्यवस्था मिलाउने।

२. नदी, खोला तथा खोल्सामा माछा मार्ने, पौडी खेल्ने, दाउरा सङ्कलन गर्ने, खोला तर्ने लगायतका जोखिमपूर्ण गतिविधि नगर्ने।

३. वर्षा तथा हावाहुरीको समयमा अनावश्यक यात्रा नगर्ने। अत्यधिक वर्षाका कारण सडक अवरुद्ध हुन सक्ने, पहिरो तथा भूक्षयको जोखिम बढ्न सक्ने भएकाले यात्रा गर्नुअघि सडकको अवस्था बुझेर मात्र सुरक्षित यात्रा गर्ने।

४. मिति २०८३ कार्तिक १२ गते (बिहीबार) देखि मौसमको अवस्था सामान्य नहुञ्जेलसम्म धान तथा बालीनाली नकाट्ने तथा सो अवधिअगावै काटिसकेको बालीनाली सुरक्षित स्थानमा भित्र्याउने व्यवस्था मिलाउने।

५. सम्भावित बाढी तथा डुबानबाट बच्न घरआँगन तथा वरपरका पानी निकास हुने नालीहरू सफा राख्ने र पानीको सहज निकास हुने व्यवस्था मिलाउने।

६. हावाहुरी तथा चट्याङबाट बच्न रूख, विद्युत् पोल, अग्ला संरचना तथा खुला स्थानमा नबस्ने र विद्युत् उपकरणको प्रयोग गर्दा विशेष सावधानी अपनाउने।

७. घरपरिवारका सदस्यहरूलाई सम्भावित विपद्का जोखिमबारे जानकारी गराउने तथा आवश्यक पर्ने खाद्यान्न, पिउने पानी, औषधि, टर्चलाइट, महत्त्वपूर्ण कागजातलगायतका अत्यावश्यक सामग्री तयारी अवस्थामा राख्ने।

८. आफ्नो टोल तथा समुदायमा कुनै विपद्जन्य घटना वा जोखिमको अवस्था देखिएमा तत्काल सम्बन्धित वडा कार्यालय, नगरपालिका तथा सुरक्षा निकायलाई जानकारी गराउने।

९. स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति, सामुदायिक संस्था तथा स्वयंसेवकहरूले आ–आफ्नो क्षेत्रमा आवश्यक पूर्वतयारी, जोखिमको निगरानी तथा उद्धार कार्यका लागि तयारी अवस्थामा रहने।

**विपद्सम्बन्धी सूचना तथा आपत्कालीन सहयोगका लागि सम्पर्क नम्बरहरू:**

- जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC), चितवन: १२३४
- नेपाल प्रहरी: १००
- सशस्त्र प्रहरी बल, नेपाल: १११४
- नेपाल प्रहरी सूचना अधिकारी: ९८५५०१३९९९
- नगर प्रहरी: ९७६८५२५५७५

(किरण थापा)
प्रमुख प्रशासकिय अधिकृत

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np